# करैयामाई गाँउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## करैया, बारा


## स्थानीय राजपत्र

खण्डः ९ | संख्याः १ | मितिः २०८२/०२/०८


भाग - २

# बाल उद्धार कोष (व्यवस्थापन र संचालन) कार्यविधि,२०८२

करैयामाई गाउँपालिका

# बाल उद्धार कोष (व्यवस्थापन र संचालन) कार्यविधि,२०८२

कार्यपालिका बैठकबाट स्वीकृत मितिः २०८२/०२/०६ गते

## प्रस्तावनाः

विशेष संरक्षण आवश्यकता उद्धार, आम्दानी संरक्षण स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुर्नमिलन तथा पुर्नस्थापना गराउनका लागि एक कोष स्थापना गर्न आवश्यक भएकोले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६३ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ मा दिएको अधिकार प्रयोग गरी करैयामाई गाउंपालिकाले सो कार्यविधि बनाएको छ।

## १.कोषको नाम र प्रारम्भः

(क) यस कोषको नाम "करैयामाई गाउँपालिका बाल उद्धार कोष (स्थापना र संचालन) कार्यविधि, २०८२" रहेको छ।

(ख) यो कार्यविधि गाउँपालिकाको बैठकबाट पारित भए पश्चात लागू हुनेछ ।

## २.परिभाषाः

(क) "ऐन" भन्नाले संघीय सांसदले बनाएको बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनुपर्छ ।

(ख) "विशेष संरक्षणको आवश्यकता भएको बालबालिका" भन्नाले नियम ३ बमोजिमका बालबालिका सम्झनुपर्छ ।

(ग) "कोष" भन्नाले नियम ४ बमोजिमको बाल कोष सम्झनु पर्दछ ।

(घ) "समिति" भन्नाले नियम ७ बमोजिम गठित कोष संचालन समिति सम्झनु पर्दछ ।

(ङ) "कार्यविधि" भन्नाले करैयामाई गाउँपालिकाको बाल उद्धार कोष (व्यवस्थापन र संचालन) कार्यविधि २०८२ भन्ने सम्झनु पर्दछ ।

(च) गाउँपालिका भन्नाले करैयामाई गाउँपालिका सम्झनु पर्दछ।

## ३. विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाः

विशेष संरक्षणको आवश्यकता भएका बालबालिका अन्तर्गत निम्न बालबालिका पर्दछ।

(क) ऐनको दफा ४८ बमोजिमका बालबालिका

## ४. कोषको स्थापनाः

(१) गाउँपालिका क्षेत्र भित्र विशेष संरक्षणका आवश्यकता भएका बालबालिकालाई उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुर्नमिलन तथा पुर्नस्थापना गराउने काम समेतका लागि एक बालकोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहने छन् ।

क) संघीय, प्रदेश तथा स्थानीय सरकारबाट प्राप्त रकम,

ख) विदेशी सरकार, अन्तराष्ट्रिय संघ/ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

ग) स्वदेशी संघ/ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) नियम २ को खण्ड (ख) बमोजिम रकम प्राप्त गर्न कानून बमोजिम स्वीकृत लिइनेछ ।

## ५.कोषको उपयोगः

कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछ:-

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्न,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्न,

(ग) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अस्थायी संरक्षण गर्न,

(घ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको स्वास्थ्य उपचार तथा मनोसामाजिक सहयोग गर्न,

(ङ) विशेष संरक्षणको आवश्यकता भएको बालबालिकाको परिवार खोजी गरी पुर्नमिलन तथा पुर्नस्थापना गर्ने,

(च) खण्ड (ख) देखि (ङ) उल्लेखित कार्यसंग सम्बन्धित अन्य कार्य गर्ने ।

## ६.कोषको रकम उपयोग गर्न नपाइने:-

संचालन समितिको बैठक भत्ता, खाजा, भ्रमण मसलन्द, छपाई, पत्रपत्रिका, विज्ञापन लगायतका कुनै पनि प्रशासनिक कार्यका निम्ती कोषको रकम खर्च गर्न पाइने छैन ।तर दफा ४ बमोजिमको कार्य सम्पादन गर्न लाग्ने यातायातको प्रयोग लगायतका अन्य अत्यावश्यकीय कार्यमा रकम खर्च गर्न दफाले बाधा पुऱ्याएको मानिने छैन ।

## ७.समितिको गठनः

(१) कोषको संचालन तथा व्यवस्थापन गर्ने कामका लागि एक कोष संचालन समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः

| | |
|---|---|
| क) गाउँपालिका प्रमुख | अध्यक्ष |

ख) गाउँपालिका उपप्रमुख — सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य
घ) शिक्षा शाखा प्रमुख — सदस्य
ङ) स्वास्थ्य उपशाखा प्रमुख — सदस्य
च) सामाजिक विकास शाखा प्रमुख — सदस्य
छ) पालिका स्तरीय बालअधिकार समिति संयोजक सहित एक जना — सदस्य
ज) बालकल्याण अधिकारी — सदस्य
झ) महिला बालबालका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख — सदस्य सचिव

(३) आवश्यक्ता अनुसार उक्त बठैकमा अन्य व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

## ८.समितिको काम, कर्तव्य र अधिकारः

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. कोषको वृद्धिको लागि स्रोत खोजी गर्ने, आवश्यक रचनात्मक तथा प्रवर्द्धनात्मक क्रियाकलापहरु संचालन गर्ने,
ख. कोषको रकम संरक्षण गर्ने,
ग. दफा ४ बमोजिम कोषको रकम उपयोग गर्ने,
घ. कोषमा रहेको रकम खर्च वा वितरण सम्बन्धी मापदण्ड लागू गर्ने,
ङ. तत्काल खर्च नहुने कोषको रकम अक्षय कोषमा राख्ने वा अन्य क्षेत्रमा लगानी गर्ने सम्बन्धी मापदण्ड बनाई लागू गर्ने,
च. विषेश संरक्षणका आवश्यकता भएका बालबालिकाको क्षेत्रमा काम गरिरहेका वा गर्न इच्छुक संघ/संस्थासंग समन्वय गर्ने,
छ. कोषको आय/व्यय विवरण, लेखा परीक्षण प्रतिवेदन वार्षिक रुपमा कार्यपालिका बैठकमा पेश गर्ने,
ज. समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,
झ. विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको संरक्षणको निम्ति आवश्यक अन्य उपयुक्त काम गर्ने, गराउने ।

करैयामाई गाउँपालिका

## ९.समितिको बैठक र निर्णयः

क) कोषको व्यवस्थापन तथा संचालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

ख) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

ग) समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगाडि समितिको सदस्य सचिवले बैठकमा छलफल हुने गरी कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

घ) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

ङ) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा पदिय हिसाबले बैठकको अध्यक्षता गर्नेछ ।

च) सञ्चालक समितिले सर्वसम्मतको आधारमा निर्णय गर्नेछ । सर्वसम्मत नभएमा बहुमतको निर्णयलाई समितिको निर्णय मानिनेछ । सदस्यहरुको मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

छ) समितिले आवश्यकता अनुसार कुनै व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछन् ।आमन्त्रित सदस्यको मताधिकार हुने छैन,

ज) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।

## १०. सहयोग सम्बन्धी मापदण्डः

(१) गाउँपालिका भित्र विशेष संरणको आवश्यकता भएको बालबालिका छ भनी कसैले समिति समक्ष निवेदन दिन सक्नेछन् ।

(२) उपदफा १ बमोजिम निवेदन प्राप्त भएपछि समितिले आवश्यक सोधपुछ गरी यथार्थ वितरण पत्ता लगाउने छन् ।

(३) उपदफा २ बमोजिमको प्रक्रिया पछि विशेष संरक्षणको आवश्यकता भएको बालबालिकालाई सहयोग आवश्यक छ भन्ने लागेमा बैठक आव्हान गर्नेछन् ।

(४) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको निम्ति समितिले देहाय बमोजिमको आर्थिक सहयोगको निर्णय गर्नेछ।

(क) कोषबाट एक पटकमा बढीमा रु. १००००/- सम्म सहयोग गर्न सकिनेछ ।

(ख) सहयोग गर्नु पर्ने रकम संभव भएसम्म चेक मार्फत रकम भुक्तानी दिनु पर्नेछ ।

(ग) कोषबाट सामान्यतयाः एक जनालाई एक पटक सहयोग गरिनेछ। तर विशेष स्थितिमा समितिको निर्णयले थप दुई पटकसम्म सहयोग गर्न सकिनेछ ।

(५) विशेष संरक्षण आवश्यकता भएको बालबालिकालाई तत्काल उद्धार, संरक्षण वा उपचार नगरेमा मानवीय क्षति वा गम्भिर परिणाम हुने देखिएमा सदस्य सचिवको सिफारिसमा अध्यक्षले कोषबाट तत्काल सम्बन्धित बालबालिकाको निम्ति रु. १०,०००/- दसहजार रुपैयाँ उपलब्ध गराउन सक्नेछ ।

(६) उपनियम ५ बमोजिम बालबालिकालाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराए पछि बस्ने समितिको बैठकबाट सो खर्चको अनुमोदन गराउनु पर्नेछ ।

(७) समितिले विशेष संरक्षणको आवश्यकता भएमा बालबालिकाको उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुर्नमिलनका निम्ति आर्थिक सहयोग बाहेकका अन्य कार्यक्रमका लागि अलगै मापदण्ड बनाउन सक्नेछ ।

## ११. खाताको संचालनः

(१) कोषको रकम समितिले कुनै बाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) बैंक खाताको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

## १२. कोषको लेखा र लेखा परीक्षणः

(१) कोषको आय/व्ययको लेखा गाउँपालिकाले अपनाएको नियम बमोजिम राखिनेछ ।

## १३. रकम फ्रिज नहुनेः

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि खाताको रकम आर्थिक वर्षको अन्त्य सम्म खर्च नभई बाँकी रहेमा फ्रिज हुनेछैन।

## १४. प्रतिवेदन प्रकाशन गर्नुपर्नेः

समितिले आफुले गरेको कामको प्रतिवेदन वार्षिक रुपमा गाउँकार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

## १५. कोषको सचिवालयः

कोषको सचिवालय गाउँपालिकाको कार्यालय रहनेछ ।

## १६. अभिलेख राख्नेः

समितिले आफुले गरेको काम कार्वाहीहरुको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

## १७. बैठक भत्ताः

संचालन समितिका पदाधिकारीहरु तथा आमन्त्रित सदस्यहरुले सो समितिको बैठकमा भाग लिए बापता बैठक भत्ता, खाजा लगायत प्रशासनिक खर्च नियमानुसार हुनेछ ।

## १८. संशोधन, स्वत निश्क्रिय तथा खारेजीः

(१) गाउँपालिकाले आवश्यक ठानेमा कार्यविधि संशोधन गर्न सक्नेछ ।

(२) गाउँपालिकाले उक्त कोषको आवश्यक नठानेमा कोष खारेज गर्न सक्नेछ ।

(३) उपदफा २ बमोजिम कोष खारेज भएमा कोषको रकम गाउँपालिकामा स्वतः हस्तान्तरण हुनेछ ।

(४) यस कार्यविधिमा लेखिएका प्रावधान प्रचलित कानूनसंग बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

<u>प्रमाणित गर्ने</u>

हस्ताक्षरः

नामः- शम्भु प्रसाद यादव

पदः- करैयामाई गाउँपालिका अध्यक्ष

प्रमाणित मितिः२०८२/०२/०८

प्रमाणित कानुन पाना(पेज) संख्याः ८(आठ)मात्र

<u>आज्ञाले</u>

वीरेन्द्र महतो

प्रमुख प्रशासकीय अधिकृत